# Asian Waterbird Census 2026 को नतिजा सार्वजनिकरण सम्बन्धमा जारी गरिएको प्रेस विज्ञप्ती

२०८२ माघ १९ गते सोमबार

भारतीय महाद्विपमा Asian Waterbird Census को कार्य सन् १९८७ देखि Wetlands International ले शुरु गरेको हो । सबैभन्दा पहिला यो कार्य एशियाको अफगानिस्तान, जापान, दक्षिण एशिया तथा अष्ट्रेलियामा शुरु भएको पाइन्छ । यस कार्यलाई सहयोग पुर्याउन नेपालले पनि सन् १९८७ देखि नै Asian Waterbird Census (AWC) मा निरन्तर सहभागिता जनाउँदै आएको छ । यसलाई नेपालको लामो समयसम्म चल्दै आएको नियमित वन्यजन्तु अनुगमन कार्यको रूपमा समेत लिन सकिन्छ । हरेक वर्ष जनवरीको पहिलो शनिबारबाट देशभरिका ताल, तलैया, नदी र सिमसार क्षेत्रमा पाइने जलपन्छीहरूको संख्या, प्रजाति र वासस्थानको अवस्थाबारे जानकारी लिन जलपन्छी गणना कार्य गरिंदै आएको छ । यसको मुख्य उद्देश्य बसाई सराई गर्ने र पानीमा बस्ने चराहरुको प्रजनन् नहुने समयमा गणना तथा अनुगमन गरी संख्या सहित सिमसार क्षेत्रको अवस्थाको बारेमा थाहा पाउनु, पानीमा बस्ने चरा र सिमसार क्षेत्रको महत्व, तिनको संरक्षण तथा व्यवस्थापनमा आम नागरिकलाई सहभागी तथा जानकारी गराउने रहेको छ ।

यस बर्ष राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नेतृत्व तथा नेपाल पन्छीविद् संघको संयोजनमा देशभरका १८ प्रमुख सिमसार क्षेत्र र सो अन्तर्गतका ७८ वटा साना क्षेत्रहरूमा ४११ स्वयंसेवक गणकहरू (कर्मचारी, चराविद्, प्रकृतिप्रेमी, स्वयंसेवी, नागरिक वैज्ञानिक) बाट पानीमा आश्रित तथा पानी वरिपरि बस्ने आवासीय र बसाईंसराइ गर्ने चराहरूको तथ्याङ्क सङ्कलन गरि विश्व सिमसार दिवस (२ फेब्रुवरी २०२६) मा सार्वजनिक गर्ने योजना सहित Asian Waterbird Census (AWC)-2026 जनवरी ३ देखि १८ सम्म सञ्चालन गरिएको थियो । विगतका बर्षहरूमा जस्तै यस बर्ष पनि कोशीटप्पु वन्यजन्तु आरक्ष र यस वरीपरी, चितवन, बाँके, बर्दिया, शुक्लाफाँटा, रारा राष्ट्रिय र सो वरपर, धनुषाधामका ताल तलैयाहरु र कमला नदी, हेटौडा, काठमाडौं उपत्यका, पोखरा उपत्यका, लुम्बिनी क्षेत्र, बिसहजारी ताल, घोडाघोडी ताल, रारा ताल, जगदीशपुर रिजर्भवयर लगायतका क्षेत्रमा जलपक्षी गणना कार्य गरिएको थियो । यस जलपक्षी गणना कार्यमा विभिन्न राष्ट्रिय निकुञ्ज/वन्यजन्तु आरक्ष/संरक्षण क्षेत्र कार्यालय, डिभिजन वन कार्यालय तथा संघ संस्थाहरुको सक्रिय सहभागिता रहेको थियो ।

गत बर्ष सन् २०२५ को जलपक्षी गणनाबाट प्राप्त तथ्याङ्क अनुसार नेपालका ७८ वटा सीमसार, खोला, नाला, पोखरीमा ९४ प्रजातिका ९६५६५ वटा जलपछी अभिलेखिकरण भएको थियो । यस बर्षको १८ प्रमुख सिमसार क्षेत्र र सो अन्तर्गतका ७८ वटा साना क्षेत्रहरूको गणनाबाट निम्न बमोजिम ८९ प्रजातिका ९०६८८ वटा जलपछी रेकर्ड भएका छन् ।

<u>जलपक्षी गणना सन् २०२५ र सन् २०२६ को तुलनात्मक तालिका</u>

| क्र.स. | गणना क्षेत्र | सन् २०२६ को संख्या | | सन् २०२५ को संख्या | | सन् २०२५ को तुलनामा घटी वा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | प्रजाती | चरा | प्रजाती | चरा | प्रजाती | चरा |
| १ | कोशीटप्पु वन्यजन्तु आरक्ष र सो वरपर | ५६ | ५८९० | ६७ | १०१८५ | घटी | घटी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | बर्जुताल | ३३ | ४०५२ | ३४ | ६२३८ | घटी | घटी |
| ३ | धनुषाधाम र कमला नदी | ३३ | २०५१ | २४ | ६९२ | बढी | बढी |
| ४ | हेटौडाका ताल तलैया र नदी | २२ | ३७९ | १६ | २०० | बढी | बढी |
| ५ | चितवन राष्ट्रिय निकुञ्ज र वरपर | ६३ | २५३५८ | ६१ | २७५६४ | बढी | घटी |
| ६ | लुम्बिनी क्षेत्र | ४७ | ४२०९ | ४४ | ३१५४ | बढी | बढी |
| ७ | जगदीशपुर जलाशय | ४१ | १०२८२ | ४८ | १२८३२ | घटी | घटी |
| ८ | रासी नदी दांग | ३० | ११९४ | २७ | ५७१ | बढी | बढी |
| ९ | बाँके राष्ट्रिय निकुञ्ज र वरपर | २५ | ५३६ | ३२ | १६७८ | घटी | घटी |
| १० | बर्दिया राष्ट्रिय निकुञ्ज र वरपर | ५८ | ५५४४ | ५४ | ५८७२ | बढी | घटी |
| ११ | घोडाघोडी ताल क्षेत्र | २४ | ११५० | २६ | ११५० | घटी | |
| १२ | नाखोडी ताल कैलाली | १५ | ३१४ | १५ | १६५ | | बढी |
| १३ | शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र वरपर | ७० | २२८१७ | ६९ | २०४८६ | बढी | बढी |
| १४ | पुरैनी र बन्धाताल बेलौरी कञ्चनपुर | ५६ | २३५२ | ४८ | १३४९ | बढी | बढी |
| १५ | रारा ताल (रारा राष्ट्रिय निकुञ्ज) | १३ | २५३ | १४ | ५०२ | घटी | घटी |
| १६ | पोखरा उपत्यकाका सिमसार | ४६ | ३७६४ | ५५ | ३४४१ | घटी | बढी |
| १७ | मनहराफाँट, काठमाडौं उपत्यका | १४ | ३७९ | ११ | २८२ | बढी | बढी |
| १८ | टौदह र बागमती नदी काठमाडौं | १६ | १६४ | १८ | २०४ | घटी | घटी |
| | कुल जम्मा | ८९ | ९०६८८ | ९४ | ९६५६५ | घटी | घटी |

हरिभद्र आचार्य
वरिष्ठ इकोलोजिष्ट
एवं
सुचना अधिकारी